नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# राष्ट्रिय किताबखाना
# (निजामती)

पत्र संख्या:-२०७७/७८
प्रशासन
चलानी नं. :-

मितिः- २०७७/०८/०७

# निजामती कर्मचारीहरुको वैयक्तिक विवरण अद्यावधिक गर्ने सम्बन्धी

# सूचना

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०८/०५ को सूचना अनुसार अनलाइन सरुवा प्रणाली लागू भए अनुसार मन्त्रालयले सञ्चालनमा ल्याएको वेवसाइट saruwa.mofaga.gov.np मा लगईन गरी उक्त Software ले माग गरेको विवरण भरी निवेदन पेश गर्न सक्ने व्यवस्था अनुसार उक्त Software ले यस राष्ट्रिय किताबखानामा रहेको वैयक्तिक विवरणको आधारमा कार्य सम्पादन गर्ने भएकोले सम्पूर्ण निजामती कर्मचारीहरुले नियुक्ति, बढुवा, तालिम लगायतका सम्पूर्ण विवरणहरु समयमै अद्यावधिक गर्नुहुन तथा आफ्नो आधिकारिक विवरणहरु यस राष्ट्रिय किताबखानाको इमेल info@pis.gov.np मा स्क्यान गरी समेत पठाउन सकिने र सोही आधारमा कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त कार्यका लागि यस विभागका ना.सू. श्री महेश भट्टराई ( मोबाइल नं. ९८६१९५८९१५) लाई Focal Person तोकिएको छ। साथै उपरोक्त अनुसारको वैयक्तिक विवरण समयमै अद्यावधिक नभएको अवस्थामा सरुवा, बढुवा, अध्ययन, तालिम लगायतका काम कारवाहीमा असर पर्न जाने व्यहोरा समेत जानकारी गराइन्छ।

शाखा अधिकृत

मोवाइल एपः हत्केलामा निजामती सेवा (Civil Service on Palm) - CSP
ठेगानाःहरिहरभवन,ललितपुर,नेपाल; सम्पर्क फोनः५०१०१३८, ५०१०२९८; फ्याक्सः५०१०२१७; website: www.pis.gov.np; email: info@pis.gov.np
**यस किताबखानासँग पत्राचार गर्दा सम्बन्धित कर्मचारीको संकेत नम्बर अनिवार्य उल्लेख गर्नुहुन अनुरोध छ ।**